नेपाल सरकार

राष्ट्रिय पुनर्निर्माण प्राधिकरण

केन्द्रीय आयोजना कार्यान्वयन इकाई

# जिल्ला आयोजना कार्यान्वयन इकाई

(अनुदान ब्यवस्थापन तथा स्थानीय पुर्वाधार)

काभ्रेपलाञ्चोक

फोन नं. ०११-४९०८०६

प.सं. : २०७५/२०७६

च.नं. : १०२५१

मिति : २०७६ /०२/२०

श्री मण्डनदेउपुर नगरपालिका

नगर कार्यपालिकाको कार्यालय,

काभ्रेपलाञ्चोक।

बिषय : **जानाकारी सम्बन्धमा।**

उपर्युक्त सम्बन्धमा नेपाल सरकार राष्ट्रिय पुनर्निर्माण प्राधिकरण,जिल्ला आयोजना कार्यान्वयन इकाई, काभ्रेपलाञ्चोक मार्फत **"कुन्ताबेसी-नयाँगाउँ-नगरकोट"** सडकको पुनः निर्माण तथा पुर्नस्थापना गर्ने क्रममा सडकको मध्ये रेखाबाट दायाँ बायाँ ५/५ मिटर भित्र पर्ने जग्गा प्राप्त गर्ने क्रममा जग्गा प्राप्ति सम्बन्धी प्रथम चरणको सूचना प्रकाशन भई मुआब्जा निर्धारण सतिति (**CDC**) को बैठक बसि दर रेट समेत निर्धारण गरि पुन सूचना प्रकाशन भई सम्बन्धित जग्गा धनिहरुबाट नेपाल सरकार **"कुन्ताबेसी-नयाँगाउँ-नगरकोट"** सडक को नाममा लगत कट्टा गर्ने कार्य भइ मुआब्जा रकम वितरण कार्य भई रहेको छ | हालसम्म पनि लगत कट्टाको लागि प्रक्रियामा नआउनु भएका जग्गाधनीहरुले प्रक्रियामा आई निज हरुले प्राप्त गर्ने मुआब्जा रकम आगामी २०७६ आषाढ १५ गते भित्र भुक्तानी लिई सक्नु पर्नेछ | तोकिएको समय सिमा भित्र भुक्तानी नलिएमा मुआब्जा रकम प्राप्त गर्न नसकिने हुँदा सम्बन्धित सबै जग्गाधनीहरु लाइ सूचित गरि सहयोग गरी दिन हुन का लागि अनुरोध छ। माथि उल्लेखित समय सिमा भित्र प्रक्रिया पुरागरी मुआब्जा रकम भुक्तानी नलिने जग्गाधनीहरुको हकमा भूकम्पबाट प्रभावित संरचनाको पुनर्निर्माण सम्बन्धी नियमावली,२०७२ दफा १३ को उपदफा (४)(३) बमोजिम भई जाने व्यहोरा अनुरोध गरिन्छ।

लोकनाथ रेग्मी

आयोजना प्रमुख

बोद्धार्थ :

१. श्री मण्डनदेउपुर नगरपालिका
   २, नं. वडा कार्यालय,बालुवापाटी , काभ्रेपलाञ्चोक।

२. श्री मण्डनदेउपुर नगरपालिका
   ३, नं. वडा कार्यालय,नयाँगाउँ , काभ्रेपलाञ्चोक।

३. श्री मण्डनदेउपुर नगरपालिका
   ४, नं. वडा कार्यालय, नयाँगाउँ , काभ्रेपलाञ्चोक।

४. श्री मण्डनदेउपुर नगरपालिका
   ७, नं. वडा कार्यालय,महादेवस्थान,काभ्रेपलाञ्चोक।

५. श्री मण्डनदेउपुर नगरपालिका
   ८, नं. वडा कार्यालय,महादेवस्थान,काभ्रेपलाञ्चोक।

दर्ता नं.: १०४४

दर्ता मिति: ०७६/०३/०६